जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १५५ २०८२ साल माघ ५ गते सोमबार (19 Jan 2026 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : 'करार र ज्यालादारी सेवामा कार्यरत... ३ पृष्ठमा : सेनाको फोटो तथा ... ३ पृष्ठमा चीनको 'शिजियान-३२ ...

## मनोनयन प्रक्रियादेखी मतगणना प्रक्रियासम्म सबै सुरक्षा व्यवस्थापनको तयारी



**दैनिक समाचारदाता**
**राजविराज, ४ माघ ।**

फागुन २१ गते हुने प्रतिनिधीसभाको निर्वाचनका सवै प्रक्रियालाई व्यवस्थित बनाउने उद्देश्यका साथ मुख्य निर्वाचन अधिकृत कार्यालयले छलफल गरेको छ ।

राजविराजस्थित मुख्य निर्वाचन अधिकृत कार्यालयले आईतवार राजनीतिक दल, सुरक्षा निकाय, नागरिक समाज तथा सञ्चारकर्मीको सहभागितामा सर्वपक्षिय र सर्वदलिय बैठक मार्फत छलफल गरेको हो ।

मुख्य निर्वाचन अधिकृत एवं न्यायधिश किशोर घिमिरेको अध्यक्षता तथा राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीनको प्रमुख अतिथ्यमा आयोजित कार्यक्रमका सहभागिहरुले प्रतिनिधीसभा निर्वाचनलाई भयरहित वातावरणमा सम्पन्न गर्न तथा मनोनयन प्रक्रियादेखी मतगणना प्रक्रियासम्म सहयोग गर्ने प्रतिबद्धता जनाएका छन ।

मुख्य निर्वाचन अधिकृत घिमिरेले अत्यन्त सिमित श्रोत साधनका वावजुद आफुहरुले काम गरिरहेको भन्दै सबैको सहयोगले प्रतिनिधी सभाको निर्वाचन मर्यादित ढंगले सम्पन्न गर्न सफल हुने विश्वास ब्यक्त गरे ।

आयोगले जारी गरेको आचार संहिता पालनालाई प्रभावकारी बनाउन सबैले आ-आफ्नो क्षेत्रबाट भुमिका खेल्नु पर्नेमा समेत उनले जोड दिए ।

कार्यक्रममा नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीका प्रमुखहरुले मनोनयन प्रक्रियादेखी मतगणना प्रक्रियासम्म आवश्यक पर्ने सबै सुरक्षा व्यवस्थापनको तयारी गरिएको जनाएका थिए ।

## राजविराज बसपार्क यथासिघ्र संचालनमा ल्याउने मन्त्री सुमनको प्रतिबद्धता



**दैनिक समाचारदाता**
**राजविराज, ४ माघ ।**

मधेश प्रदेशका श्रम तथा यातायात मन्त्री मनिष सुमनले राजविराजस्थित नवनिर्मित वसपार्क संचालनका लागी आफुले पनि पहल गर्ने प्रतिबद्धता ब्यक्त गरेका छन ।

राजविराज नगरपालिकाले उनको स्वागत तथा सम्मानमा आईतवार आयोजना गरेको कार्यक्रममा बोल्दै उनले यस्ता प्रतिबद्धता जनाएका हुन ।

१५ करोड ६० लाख रुपैयाको लागतमा शहरी विकास मन्त्रालयद्वारा निर्माण गरिएको सुविधा सम्पन्न वसपार्कको गत जेठ १५ गते नै एक समाहरोबीच उदघाटन गरिएको थियो । यसका वावजुद पनि तीन/तीन पटक टेण्डर सुचना आह्वान गरिसक्दा पनि ठेक्का नलागी संचालनमा आउन सकेको छैन् ।

बसपार्क अझै संचालनमा आउन नसक्दा अहिले पनि नगरको मुख्य बजार क्षेत्रको सडकबाटै सार्वजनिक यातायातका साधनहरु संचालन र पार्किङ्ग हुदै आएको नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीनले सुनाएपछि मन्त्री सुमनले बसपार्कका बारेमा केही दिन वस्तुस्थिती अध्ययन गर्ने बताउँदै संचालनमा ल्याउनका लागी सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए ।

कार्यक्रममा कार्यवाहक नगर प्रमुख परवीनले नयाँ वसपार्क सम्म सवारी साधान पुऱ्याउनका लागी आवश्यक तयारीका साथै तीन पटक टेण्डर आह्वान गरिसक्दा पनि कसैले ठेक्का लिनेतर्फ चासो नदेखाएको बताएपछी मन्त्री सुमनले सप्तरी जिल्ला कै गौरवका आयोजना मध्येका एक राजविराज वसपार्क यथासिघ्र संचालनका लागी पुर्ण सहयोग रहने बताए ।

कार्यवाहक नगर प्रमुख परवीनले वसपार्क र हटिया कम्प्लेक्स यथासिघ्र संचालनका लागी दिनरात खटे पनि सरोकारवालाहरुबाट अपेक्षित सहयोग पाउन नसकेको दुखेसो पोखिन ।

कार्यक्रममा सहभागी जनप्रतिनीधी, विभिन्न संघ संस्था र कार्यालयका प्रतिनीधी तथा समाजका अगुवाहरुले वसपार्क यथासिघ्र संचालनका लागी आ-आफनो क्षेत्रबाट सहयोग गर्ने प्रतिबद्धता जनाएका छन ।

## राष्ट्रियसभाका तीन सदस्यद्वारा पदत्याग

**दैनिक समाचारदाता**
**काठमाडौं, ४ माघ ।**

राष्ट्रियसभाका तीन सदस्यले राजीनामा दिएका छन् । नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का नेताहरु वामदेव गौतम र नारायणकाजी श्रेष्ठ तथा नेकपा (एमाले) की भगवती न्यौपानेले राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालसमक्ष राजीनामा पेस गरेको संसद्का प्रवक्ता एकराम गिरिले बताए ।

नेकपा नेता गौतम बर्दिया १, श्रेष्ठ सर्लाही ३ र न्यौपानेले तनहुँ १ बाट प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवार बन्न पदत्याग गरेका हुन् । उनीहरुको कार्यकाल आगामी फागुन २० गतेसम्म थियो ।

## सप्तरी २ बाट उम्मेदवारी दिन्छु : पूर्वमुख्यमन्त्री सिंह

**दैनिक समाचारदाता**
**राजविराज, ४ माघ ।**



आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा निर्वाचनका लागि मधेश प्रदेशका पूर्व मुख्यमन्त्री सतिशकुमार सिंहले सप्तरी निर्वाचन क्षेत्र नं. २ बाट उम्मेदवारी दिने घोषणा गरेका छन् ।

उनले स्वाभिमान पार्टीबाट प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी दिने जानकारी दिए । राजनीतिमा लामो समयदेखि सक्रिय रहेका पूर्वमुख्यमन्त्री सिंह २०७४ सालको स्थानीय तह निर्वाचनमा तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा) बाट तिलाठी कोइलाडी गाउँपालिकाको अध्यक्षमा निर्वाचित भएका थिए ।

स्थानीय सरकारको नेतृत्व गर्दै विकास र सुशासनका क्षेत्रमा काम गर्नुभएको सिंह २०७९ सालको स्थानीय तह निर्वाचनमा भने अध्यक्ष पदमा पराजित भए ।

यता स्थानीय तहको निर्वाचनमा पराजयपछि उनी प्रदेशसभा निर्वाचनमा जनमत पार्टीबाट सप्तरी क्षेत्र नं. २ (क) बाट विजयी भएसँगै उनी मधेश प्रदेश सरकारको नेतृत्व गर्दै मुख्यमन्त्रीको जिम्मेवारी सम्हाल्न सफल भए ।

प्रतिनिधिसभा निर्वाचनका लागि उम्मेदवारी घोषणा गर्दै सिंहले सप्तरी र मधेशको समग्र विकास, नागरिकका हकअधिकार तथा पहिचानको सवाललाई राष्ट्रिय स्तरमा बलियो रूपमा उठाउने प्रतिबद्धता व्यक्त गरे ।

**आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं।**

- आगो तथा हीटर नजिकबाट नतापौं।
- कागज, कपडाजस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरनजिक नराखौं।
- कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं।
- आगो तथा हीटर बन्द गरेर मात्र सुतौं।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं।
- बालबालिका, वृद्ध वा बिरामीलाई आगो वा हीटरनजिक एक्लै नछोडौं।
- घर तथा कार्यालयमा अग्निनियन्त्रक उपकरण राखौं।
- आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### रोजगारीको अवसर कहिले ?

लामो समयदेखी मुलुकमा रोजगारीको अवसर सृजना हुन नसक्दा यहाँका युवाहरु विदेश पलायन हुने क्रम झनै बढी हुँदै गएको छ । मुलुकमा बेराजगारी समस्याले ठूलै रुप लिदै गएको छ । रोजगारीको अवस्था सृजना हुन नसक्दा अहिले सयौंको संख्यामा यूवाहरु विदेश पलायन भइरहेका छन् । यो संख्या वर्षेणी लाखौंको पुगेको छ ।

स्वदेशमै रोजगारीको अवसर सृजना गरेर युवाहरुको सीपको सदुपयोग गर्न सरकार गम्भिर बन्नुपर्छ । तर, तीनै तहको सरकार यसप्रति निरिह जस्तै भइसकेको छ । देश निर्माणदेखी आन्तरिक कार्यहरुमा यूवाहरुको महत्वपूर्ण भुमिका हुनेकुरा सरकारले बिर्सेको छ । देश विकासका लागि युवा शक्तिलाई अहम मानिन्छ । उनीहरुको जोश, जागर र महिनेतले सामाजमा परिवर्तन ल्याउन सक्छ । हाम्रो देशका यूवाहरु आफ्नो देशमा नभइकन अन्य मुलुकमा श्रमदान गर्न बाध्य छन् । समाज, टोल, नगर, गाउँ, जिल्ला, प्रदेश वा राष्ट्रको विकासमा यूवा जनशक्तिलाई परिचालन गरेर विकासीय कार्यलाई समेत तिब्रता दिन सकिन्छ । उनीहरुलाई उचित प्रशिक्षण दिएर सीपमुलक कार्यमा लगाएमा समाज परिवर्तनको सम्वाहकको रुपमा प्रयोग गर्न सकिन्छ ।

समाजमा कुनै परिवर्तन ल्याउनका लागि अहिलेको परिवेशमा यूवाहरु नै उत्तम विकल्प हो । तसर्थ यूवाहरु समाज परिवर्तनका लागि एउटा उचित माध्यम रहेकाले उनीहरुलाई यसका लागि तीनै तहका सरकारले राजगारीको विकल्पलाई खुलाउन गम्भिरतापूवर्क लाग्नु पर्ने आवश्यकता रहेको छ ।

# ‘करार र ज्यालादारी सेवामा कार्यरत रासससकर्मीलाई पेन्सनसहितको सुविधा’

काठमाडौँ, ४ माघ (रासस) ।

योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध हुने राससका ज्यालादारी तथा करार सेवामा कार्यरत जनशक्तिले पेन्सनसहित सामाजिक सुरक्षा पाउने भएका छन् । कोषमा आबद्ध हुने सार्वजनिक संस्थामा कार्यरत अस्थायी, ज्यालादारी तथा करार सेवाका जनशक्तिले पेन्सनसहित अन्य सुविधा प्राप्त गर्ने व्यवस्था भएबमोजिम रासससकर्मी लाभान्वित हुने भएका हुन् ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले आइतबार रासस केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा कोषमा आबद्ध रासससकर्मीलाई परिचयपत्र वितरण गर्दै मन्त्रालयको निर्देशनबमोजिम सम्बद्ध सबैलाई आवद्ध गराइ राज्य मातहतको पहिलो सञ्चार गृह बन्न सफल भएकामा रासससलाई धन्यवाद दिनुभयो ।

नेपाल सरकारले सार्वजनिक संस्थामा कार्यरत जनशक्तिलाई पनि कोषमा आबद्ध गराउने व्यवस्था लागू गरेपछि राससमा कार्यरत १७ जना ज्यालादारी तथा करार सेवामा कार्यरत जनशक्ति लाभान्वित भएका हुन् ।

आठौँ सामाजिक सुरक्षा दिवसका अवसरमा आयोजित कार्यक्रममा प्रधानमन्त्री सुशीला कार्कीको विशेष उपस्थितिमा रासस र कोषबीच अस्थायी, ज्यालादारी तथा करार सेवामा कार्यरत राससका जनशक्तिलाई सामाजिक सुरक्षा योजनामा आबद्ध गराउनेसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको थियो ।

राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले राससप्रति समर्पित भई अमूल्य योगदान दिइरहेका अस्थायी तथा ज्यालादारी सेवामा कार्यरत जनशक्तिको बृहत्तर हितलाई ध्यानमा राखी सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न आवश्यक व्यवस्था गरिएको बताउनुभयो । उहाँले सामाजिक सुरक्षा कोषमा आबद्ध भएका कर्मचारीलाई राहत दिने उद्देश्यका साथ समितिको चालु आर्थिक वर्षका लागि बजेट विनियोजन गरिएको स्पष्ट पार्नुभयो ।

कोषमा आबद्ध हुने योगदानकर्ताले पाउने पारिश्रमिकको ६० प्रतिशतलाई आधार मानी त्यसको २० प्रतिशत रासस र ११ प्रतिशत योगदानकर्ताका तर्फबाट गरी मासिक ३१ प्रतिशतका दरले कोषमा सञ्चय हुनेछ । योगदानकर्ताले कोषबाट औषधि उपचार तथा स्वास्थ्य सुरक्षा, मातृत्व सुरक्षा, दुर्घटना सुरक्षा, अपाङ्गता सुरक्षा, आश्रित परिवार सुरक्षालगायतका सुविधा पाउनेछन् । हाल नेपालमा करिब २६ लाख ५० हजार योगदानकर्ता कोषमा आबद्ध छन् ।

# एकल विन्दु सेवा केन्द्रको तयारी गर्दै लगानी बोर्ड

काठमाडौँ, ४ माघ (रासस) ।

राष्ट्रिय तथा अन्तरराष्ट्रिय लगानीकर्तालाई छिटो, सहज र समन्वयात्मक सेवा उपलब्ध गराउने उद्देश्यसहित लगानी बोर्डको कार्यालयले एकल विन्दु सेवा केन्द्र सञ्चालनका लागि गृहकार्य अघि बढाएको छ । बोर्डले छरितो सेवा प्रवाहमार्फत लगानीको वातावरण थप सुधार गर्ने र लगानी आकर्षणलाई गति दिने लक्ष्यका साथ यो संरचना निर्माणको तयारी थालेको हो ।

यस प्रयोजनका लागि बोर्डले सहसचिव हेमराज तामाङलाई एकल विन्दु सेवा केन्द्रको संयोजन गर्ने जिम्मेवारी तोकेको छ भने सेवा प्रवाहलाई प्रभावकारी बनाउन १४ वटा सरकारी निकायले अख्तियारीसहित ‘फोकल पर्सन’ (सम्पर्कव्यक्ति) नियुक्त गरेका छन् ।

फोकल पर्सन तोक्ने निकायमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, नेपाल राष्ट्र बैंक, अध्यागमन विभाग, आन्तरिक राजस्व विभाग, उद्योग विभाग, खानी तथा भूगर्भ विभाग, भन्सार विभाग, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, विद्युत् विकास विभाग, कम्पनी रजिस्ट्रारको कार्यालय र नेपाल दूरसञ्चार प्राधिकरण रहेका छन् । बोर्डले आवश्यक देखेमा अन्य निकायले पनि थप फोकल पर्सन तोक्नसक्ने जनाएको छ ।

बोर्डको कार्यालयले सम्बन्धित मन्त्रालय, विभाग तथा निकायसँग समन्वय गरी एकल विन्दु सेवा केन्द्र सञ्चालनका लागि आवश्यक कार्यविधिको मस्यौदा तयार पारिसकेको बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले जानकारी दिनुभयो । उहाँका अनुसार तत्कालका लागि बोर्डले तोकिएका फोकल पर्सनसँग प्रत्यक्ष समन्वय गर्दै सेवा प्रवाहलाई व्यवस्थित बनाउने योजना बनाएको छ ।

कार्यकारी अधिकृत ज्ञवालीले जेनजी आन्दोलनका क्रममा बोर्डको कार्यालयमा आगजनी भएकाले नयाँ कार्यालय व्यवस्थापन र कार्यविधिले अन्तिम रूप पाएपछि मात्र एकैस्थानबाट सेवा प्रवाह सुरु हुने जानकारी दिनुभयो । उहाँले ‘अटोमेसन’ (मानवीय हस्तक्षेपबिना उपकरण, कम्प्युटर वा सफ्टवेयरको सहायताले कुनै कार्य वा प्रक्रियालाई स्वचालित रूपमा सञ्चालन गर्ने प्रविधि) प्रणालीमार्फत काम गरिने भएकाले प्रविधिको प्रयोग महत्वपूर्ण हुने बताउनुभयो ।

फोकल पर्सनहरूसँगको छलफलमा ज्ञवालीले लगानीसम्बन्धी राष्ट्रिय लक्ष्य हासिल गर्न र सुशासन कायम गर्न सबै निकायले अपनत्वसहित काम गर्नुपर्नेमा जोड दिनुभयो । “लगानी बोर्डले सबैसँग समन्वय गरेर काम गर्छ । यसमा सबै निकायको साथ र सहयोग अपेक्षित छ”, उहाँले भन्नुभयो । अहिले विभिन्न निकाय धाउनुपर्ने अवस्थाका कारण लगानीकर्ताले झन्झट बेहोर्नुपरेको भन्दै एकल विन्दु सेवा केन्द्र प्रभावकारी रूपमा कार्यान्वयन भएमा लगानीसम्बन्धी कामकारबाही चुस्त हुने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

“हाललाई तोकिएका फोकल पर्सन सम्बन्धित मन्त्रालय तथा निकायका ‘सिङ्गल प्वाइन्ट अफ कन्टचाक्ट’ हुनेछन् । उहाँहरूले लगानी बोर्डबाट सिफारिस भएका आफ्ना निकायसँग सम्बन्धित फाइल तथा प्रक्रियालाई सहज बनाउन सहजीकरण गर्नेछन्”, कार्यकारी अधिकृत ज्ञवालीले भन्नुभयो ।

लगानी बोर्डका सहसचिव हेमराज तामाङका अनुसार फोकल पर्सनले सार्वजनिक-निजी साझेदारी ऐन २०७५, सार्वजनिक तथा लगानी नियमावली २०७७ तथा लगानी बोर्डको रणनीति र व्यावसायिक योजनाअनुसार सेवा प्रवाहमा सहयोग पु्र्याउनेछन् । साथै उहाँहरूले बोर्डबाट प्राप्त फाइल तथा पत्रको समयमै राय-प्रतिक्रिया दिने, सम्बन्धित निकाय र बोर्डबीच समन्वयकारी पुलको भूमिका निर्वाह गर्ने तथा संस्थागत समन्वयकर्ताका रूपमा काम गर्ने जिम्मेवारी पनि निर्वाह गर्नेछन् ।

# ६ महिनामा ३९ अर्ब बढीको वैदेशिक लगानी प्रतिबद्धता

काठमाडौँ, ४ माघ (रासस) ।

मुलुकको विकास साझेदारहरूबाट चालु आर्थिक वर्षको प्रथम छ महिनामा रु ३९ अर्ब २३ करोड ६१ लाख ६४ हजार बराबरको वैदेशिक लगानी प्रतिबद्धता प्राप्त भएको छ ।

उद्योग विभागले सार्वजनिक गरेको प्रत्यक्ष वैदेशिक लगानीसम्बन्धी मासिक प्रतिवेदनअनुसार चालु आवको छ महिनामा ४७५ वटा उद्योगमा रु ३९ अर्ब, चालु आवको पहिलो तीन महिनामा ३११ वटा उद्योगमा रु ३५ अर्ब १३ करोड ७७ लाख ८६ हजार बराबरको लगानी प्रतिबद्धता प्राप्त भएको थियो ।

चालु आवमा सात वटा ठूला, आठ वटा मध्यम र ४६० वटा साना उद्योगमा प्रत्यक्ष वैदेशिक लगानी प्रतिबद्धता प्राप्त भएको तथा गत पुसमा ३६ वटा साना उद्योगमा रु पाँच अर्ब ९९ करोड ५० लाख बराबरको विदेशी लगानी प्रतिबद्धता प्राप्त भएको प्रतिवेदनमा जनाइएको छ ।

प्रत्यक्ष वैदेशिक लगानीको हालसम्मको कुल प्रतिबद्धता भने सात हजार ७१३ वटा उद्योगमा रु छ खर्ब ७५ अर्ब ४३ करोड ३३ लाख बराबर रहेको छि ।

बितेका छ महिनामा प्रत्यक्ष वैदेशिक लगानी प्रतिबद्धतामा सबैभन्दा बढी सूचना प्रविधिमूलक क्षेत्रका २५७ वटा उद्योगका लागि रु एक अर्ब सात करोड ८४ लाख ८६ हजार छ । रकमका आधारमा भने कृषिमूलक क्षेत्रका १३ उद्योगमा रु २१ अर्ब ८८ करोड ८० लाख बराबरको लगानी प्रतिबद्धता प्राप्त भएको छ ।

पर्यटनमूलक क्षेत्रका १४५ उद्योगमा रु १० अर्ब ५४ करोड २० लाख ५० हजार, उत्पादनमूलक क्षेत्रका २७ उद्योगमा रु दुई अर्ब तीन करोड २३ लाख, ऊर्जामूलक क्षेत्रको एउटा उद्योगमा रु १८ करोड ४२ लाख ५० हजार, खनिज क्षेत्रको एउटा उद्योगमा रु चार करोड ५० लाख र सेवामूलक क्षेत्रका ३१ उद्योगमा रु तीन अर्ब ४६ करोड ६० लाख बराबरको प्रत्यक्ष वैदेशिक लगानी प्रतिबद्धता भएको विवरणमा उल्लेख छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# सेनाको फोटो तथा बृहत् प्रदर्शनी



प्रधान सेनापति अशोकराज सिग्देल आइतबार जङ्गी अड्डामा आयोजित कार्यक्रममा नेपाली सेना फोटो तथा बृहत् प्रदर्शनी २०८२ को शुभारम्भ पश्चात प्रदर्शनीको अवलोकन गर्नुहुँदै ।

*तस्बिर सौजन्य : नेपाली सेना/रासस*

काठमाडौं, ४ माघ (रासस)।

आमनागरिकलाई नेपाली सेनाको योगदान र विविध गतिविधिबारे जानकारी गराउने उद्देश्यले आइतबारदेखि 'फोटो तथा बृहत् प्रदर्शनी' आयोजना गरिएको छ। सैनिक मुख्यालय जङ्गी अड्डामा आयोजित एक कार्यक्रमबीच प्रधानसेनापति अशोकराज सिग्देलले उक्त प्रदर्शनीको शुभारम्भ गर्नुभयो।

प्रदर्शनीमा सैनिक पोसाक, सैनिक ब्याण्ड, सैनिक हवाई सेवा, घोडचढी, जङ्गल तथा पहाडी युद्धकला, विशेष फौजको भूमिका, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष संरक्षण, शान्ति सेना, विकास निर्माण, विपद् व्यवस्थापन, खेलकुद, सैनिक विद्यालय, राष्ट्रिय सेवा दल लगायतका गतिविधि समेटिएका ३१ कक्ष राखिएका छन्।

सेना दिवस-२०८२ का अवसरमा सैनिक मुख्यालय परिसरमा आयोजित यही माघ ७ गतेसम्म सञ्चालन हुने उक्त प्रदर्शनी दैनिक बिहान १० देखि बेलुका ५ बजेसम्म हुने छ। प्रदर्शनीमा आम नागरिकलाई जङ्गी अड्डाको पश्चिम गेटबाट निःशुल्क प्रवेशको व्यवस्था गरिएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ।

प्रदर्शनी उद्घाटनका अवसरमा नेपाली सेना फोटो प्रतियोगिता-२०८२ का उत्कृष्ट तीन गैरसैनिक फोटोग्राफर, तीन सेनाका युनिट र एक जनसम्पर्क तथा सूचना निर्देशनालयका फोटोग्राफरलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरियो। पछिल्ला वर्षमा सेनाले हरेक वर्ष यस किसिमको प्रदर्शनी गर्दै आएको छ।

# आचारसंहिता पालनामा सबै पक्ष प्रतिबद्ध रहने विश्वास

काठमाडौं, ४ माघ (रासस)।

निर्वाचन आयोगले निर्वाचन आचारसंहिता कार्यान्वयन एवं निर्वाचन अधिकृतको कार्यालय स्थापना गरेको छ।

प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२ मा भाग लिने प्रयोजनका लागि दर्ता भएका राजनीतिक दलसँग निर्वाचन आचारसंहिता, २०८२ कार्यान्वयन गर्ने सम्बन्धमा आयोगले छलफलको समेत आयोजना गरेको थियो। छलफल आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी र माननीय आयुक्तद्वय डा जानकीकुमारी तुलाधर र सगुनशम्शेर जबरा तथा आयोगका सचिव कृष्णबहादुर राउतको उपस्थितिमा सम्पन्न भएको थियो।

कार्यक्रममा उपस्थित राजनीतिक दलले आसन्न निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयमुक्त वातावरणमा सम्पन्न गर्न/गराउन प्रतिबद्ध रहेको बताएका थिए। उनीहरूले नेपालको संविधान निर्वाचन आयोग ऐन, २०७३, राजनीतिक दलसम्बन्धी ऐन, २०७३, निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४, राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ र निर्वाचन आचारसंहिता, २०८२ समेतका निर्वाचनसम्बन्धी कानुनको इमान्दारिताका साथ पालना गर्ने/गराउने उल्लेख गर्नुभएको थियो।

यस्तै, निर्वाचनका सन्दर्भमा आयोग, निर्वाचन आचारसंहिता अनुगमन समिति र उपसमिति, निर्वाचन अधिकृत तथा मतदान अधिकृतले बोलाएको बखत उपस्थित हुने प्रतिबद्धता व्यक्त भएको थियो। आचारसंहिता कार्यान्वयनका सिलसिलामा अनुगमन प्रभावकारी हुनुपर्ने, सामाजिक सञ्जालबाट प्रवाह हुने मिथ्या सूचना, दुष्प्रचार तथा द्वेषपूर्ण अभिव्यक्ति नियन्त्रण र नियमनका लागि आयोग सचेत हुनुपर्ने लगायतका सुझाव प्राप्त भएको आयोगले जनाएको छ।

छलफलमा उपस्थित राजनीतिक दलका प्रतिनिधिहरूबाट निर्वाचन आचारसंहिता, २०८२ को कार्यान्वयनका सम्बन्धमा उठेका प्रश्न तथा जिज्ञासामाथि कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले निषेधको राजनीति नगर्न र कानुनको परिपालना गरेर निर्वाचनमा सहभागी हुन सबै दलका प्रतिनिधिलाई आग्रह गर्नुभएको थियो।

केन्द्रीय आचारसंहिता अनुगमन समितिका संयोजकसमेत रहनुभएका निर्वाचन आयुक्त सगुनशम्शेर जबराले सामाजिक सञ्जाल नियमनका लागि आयोगले सामाजिक सञ्जाल अनुमगन प्रणाली (सोसियल मिडिया मनिटोरिङ टुल्स) उपयोग गर्नेबारे जानकारी दिनुभएको थियो। आसन्न निर्वाचनमा भाग लिने प्रयोजनका लागि दर्ता भएका राजनीतिक दलका तर्फबाट प्रचलित निर्वाचन कानुन र निर्वाचन आचारसंहिताको कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त भएसँगै सबै दलहरूसँगको सहकार्यबाट निर्वाचन आचारसंहिताको इमान्दार र सफलतापूर्वक कार्यान्वयन हुने विषयमा आयोग विश्वस्त रहेको उल्लेख गरिएको छ।

यस्तै, आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारीस्वरुप पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ७७ वटै जिल्लामा मुख्य निर्वाचन अधिकृतको कार्यालय र ८८ निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो।

# आदिवासी जनजाति महासंघको ११ औँ राष्ट्रिय महाधिवेशन हुँदै

काठमाडौं, ४ माघ (रासस)।

नेपाल आदिवासी जनजाति महासङ्घको ११औँ राष्ट्रिय महाधिवेशन यही माघ ९ र १० गते हुने भएको छ। महासङ्घले आइतबार पत्रकार सम्मेलन गरी कोशी प्रदेश राजधानी महाधिवेशन विराटनगरमा गर्ने निर्णय भएको जानकारी दिएको हो।

'प्राकृतिक स्रोत जल, जङ्गल र जमिनमाथि आदिवासी जनजातिको अधिकार सुनिश्चित गर, प्राचीन सभ्याता र ऐतिहासिक पृष्ठभूमिको पहिचानको आधारमा प्रदेशहरूको पुनः नामाङ्कन गर' भन्ने मूल नारासहित महाधिवेशन हुन लागेको महासङ्घका अध्यक्ष एवं महाधिवेशन मूल आयोजक समितिका संयोजक गेल्जे लामा शेर्पाले जानकारी दिनुभयो।

महाधिवेशनलाई भव्य र सफल बनाउनका लागि विभिन्न १२ वटा उपसमिति गठन गरेर तयारी भइरहेको उहाँले बताउनुभयो।

नेपालका सम्पूर्ण आदिवासी जनजातिलाई गोलबद्ध गर्दै पहिचानसहितको सामूहिक अधिकार स्थापित गर्ने उद्देश्यले २०४७ सालमा नेपाल आदिवासी जनजाति महासङ्घको स्थापना भएको थियो। नेपालमा कुल जनसङ्ख्यामध्ये करिब ३६ प्रतिशत आदिवासी जनजातिको सङ्ख्या रहेको छ।

नेपाल सरकार आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानमा सूचीकृत ६० वटा आदिवासी जनजाति समुदायमध्ये महासङ्घमा ५६ समुदाय र विभिन्न १२ वटा सम्बद्ध सङ्गठन आबद्ध रहेको पत्रकार सम्मेलनमा जानकारी दिइयो।

यसैगरी विभिन्न २५ वटा देशमा महासङ्घका प्रवास सङ्गठन, देशभरका सातवटा प्रदेश समन्वय परिषद, ७७ वटा जिल्ला समन्वय परिषद, स्थानीय पालिका र वडा समन्वय परिषदहरुमार्फत सङ्गठित भएर काम भइरहेको महासङ्घका अध्यक्ष शेर्पाले उल्लेख गर्नुभयो।

## विश्व समाचार

### चीनको 'शिजियान-३२ उपग्रह प्रक्षेपण' मिसन असफल

सिचाङ, ४ माघ (रासस/सिन्ह्वा)।

चीनले शनिबार 'शिजियान-३२' उपग्रह प्रक्षेपण गर्ने प्रयास असफल भएको छ। यो प्रक्षेपण दक्षिण-पश्चिमी सिचुआन प्रान्तमा अवस्थित सिचाङ उपग्रह प्रक्षेपण केन्द्रबाट लङ मार्च-३बी वहाक रकेट प्रयोग गरी गरिएको थियो।

चिनियाँ अधिकारीहरूका अनुसार रकेट शनिबार बिहान १२:५५ बजे (बेइजिङ समय) सफलतापूर्वक प्रक्षेपण स्थलबाट उडान भरेको थियो। तर उडानको क्रममा रकेटको प्रणालीमा समस्या देखापरेपछि मिसन असफल भएको पुष्टि गरिएको छ। कुन चरणमा र कुन प्रणालीमा समस्या देखा परेको हो भन्ने विषयमा भने हालसम्म विस्तृत जानकारी सार्वजनिक गरिएको छैन।

'शिजियान-३२' उपग्रह वैज्ञानिक प्रयोग तथा प्रविधि परीक्षणका लागि प्रयोग गरिने शिजियान (प्रयोगात्मक) उपग्रह शृङ्खलाको हिस्सा हो। यस शृङ्खलाका उपग्रहहरू प्रायः नयाँ अन्तरिक्ष प्रविधि परीक्षण तथा सम्बन्धित वैज्ञानिक अध्ययनका लागि प्रयोग गरिँदै आएका छन्।

लङ मार्च-३बी चीनको मुख्य मध्यम-क्षमताको वहाक रकेटमध्ये एक हो, जसलाई भू-स्थिर स्थानान्तरण कक्षा तथा अन्य उच्च कक्षमा उपग्रह पठाउन प्रयोग गरिन्छ। यस रकेटले अघिल्ला वर्षहरूमा धेरै सफल प्रक्षेपणहरू गरेको भए पनि कहिलेकाहीँ प्राविधिक चुनौतीका कारण असफलता पनि देखिएको छ।

प्रक्षेपण असफल भएपछि सम्बन्धित प्राविधिक तथा अनुसन्धान टोलीले घटनाको कारण पत्ता लगाउन विस्तृत अनुसन्धान सुरु गरिसकेको जनाइएको छ। अनुसन्धान पूरा भएपछि असफलताको कारण र भविष्यमा यस्ता घटना दोहोरिन नदिन अपनाइने सुधारात्मक उपायबारे जानकारी सार्वजनिक गरिने अपेक्षा गरिएको छ।

चीनले पछिल्ला वर्षहरूमा अन्तरिक्ष कार्यक्रमलाई तीव्र रूपमा विस्तार गर्दै आएको छ, जसअन्तर्गत उपग्रह प्रक्षेपण, मानवसहितका अन्तरिक्ष मिशन जस्ता महत्वाकांक्षी परियोजनाहरू सञ्चालन भइरहेका छन्। शिजियान-३२को असफल प्रक्षेपणलाई ती कार्यक्रमहरूको समग्र प्रगतिमा अस्थायी प्राविधिक चुनौतीका रूपमा हेरिएको छ।

### ट्रम्पको धम्कीविरुद्ध ग्रिनल्यान्डमा विशाल प्रदर्शन

नुक, ४ माघ (रासस/एपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको धम्कीपूर्ण अभिव्यक्तिको विरोध गर्दै शनिबार ग्रिनल्यान्डमा हजारौँ नागरिक सडकमा उत्रिएका छन्। कठ्याङ्ग्रिने हिउँ र बरफबीच राजधानी नुकका बासिन्दाहरूले विरोधका प्लेकार्ड बोकी, राष्ट्रिय झण्डा फहराउँदै र 'ग्रिनल्यान्ड बिक्रीका लागि होइन' भन्ने नारा लगाउँदै आफ्नै स्वशासन र सार्वभौमिकताको समर्थन जनाए।

प्रदर्शनकारीहरू नुकको सानो डाउनटाउन क्षेत्र हुँदै अमेरिकी वाणिज्य दूतावाससम्म पदयात्रा गर्दा त्यही दिन फ्लोरिडाबाट राष्ट्रपति ट्रम्पले फेब्रुअरीदेखि आठ युरोपेली देशका सामानमा १० प्रतिशत आयात कर लगाउने घोषणा गर्नुभएको खबर सार्वजनिक भएको थियो। यस घोषणाले प्रदर्शनकारीहरूमा थप आक्रोश पैदा गरेको बताइएको छ।

"मलाई लागेको थियो आजको दिन यसभन्दा खराब हुन सक्दैन, तर झन् भयो", स्थानीय युवा मलिक डोलेरुप-शेबेलले भन्नुभयो। उहाँले राष्ट्रपति ट्रम्पको पछिल्लो कदमले अरू राष्ट्र र जनताप्रति कुनै संवेदनशीलता नदेखाएको स्पष्ट भएको बताउनुभयो।

राष्ट्रपति ट्रम्पले विगतदेखि नै रणनीतिक रूपमा महत्त्वपूर्ण र खनिज स्रोतले धनी ग्रिनल्यान्डलाई संयुक्त राज्य अमेरिकाले आफ्नो स्वामित्वमा लिनुपर्ने धारणा सार्वजनिक गर्दै आउनुभएको छ। ग्रिनल्यान्ड डेनमार्कको अधीनमा रहेको स्वशासित क्षेत्र हो। यस महिनाको सुरुमा भेनेजुएलाका पूर्वराष्ट्रपति निकोलस मदुरोलाई हटाउने सैन्य कारबाहीपछिका अभिव्यक्तिले उहाँको अडान अझ कडा बनेको स्थानीय नेताहरूको भनाइ छ।

एक्काइस वर्षीय डोलेरुप-शेबेल र प्रधानमन्त्री जेन्स-फ्रेडरिक निल्सनका अनुसार यो प्रदर्शन नुकको जनसङ्ख्याको करिब एक चौथाइ सहभागी भएको इतिहासकै सबैभन्दा ठूलो प्रदर्शन हो। यस्तै समर्थन स्वरूप डेनमार्कका विभिन्न सहरहरू, कोपनहेगन तथा क्यानाडाको इनुइट-शासित क्षेत्र नुनाभुटको राजधानीमा समेत ऐक्यबद्धता ऱ्यालीहरू आयोजना गरिएका थिए।

कोपनहेगनमा सहभागी एलिस रिचीमहिलाले 'यो केवल ग्रिनल्यान्डको होइन, सम्पूर्ण विश्वको विषय हो' भन्दै कुनै पनि सानो राष्ट्र बिक्रीका लागि नहुने स्पष्ट सन्देश दिनुभयो।

नुकमा आयोजित प्रदर्शनमा सबै उमेर समूहका नागरिक सहभागी थिए। परम्परागत गीतसङ्गीतसहितको पदयात्रामा ४७ वर्षीया मेरी पेडरसन आफ्ना सन्तानसहित सहभागी हुनुभयो। "हामी हाम्रो देश, संस्कृति र परिवार सुरक्षित राख्न चाहन्छौँ", उहाँले भन्नुभयो। उहाँकी नौ वर्षीया छोरी अलास्काले आफैँले बनाएको 'ग्रिनल्यान्ड बिक्रीका लागि होइन' लेखिएको प्लेकार्ड बोकेकी थिइन्।

नुकका प्रहरी अधिकारी टम ओल्सेनले शनिबारको प्रदर्शन आफूले देखेको सबैभन्दा ठूलो भएको जानकारी दिनुभयो। "यसले युरोप एकताबद्ध छ भन्ने सन्देश दिन सकोस् भन्ने हाम्रो चाहना हो", उहाँले भन्नुभयो।

ग्रिनल्याण्डको संसद्की पूर्वसदस्य टिली मार्टिनसनले ट्रम्प प्रशासनले ग्रिनल्यान्ड अधिग्रहणको 'अविवेकी विचार' त्याग्ने आशा व्यक्त गर्नुभयो। उहाँले मित्रता र सहयोगको नाममा सुरु भएका अभिव्यक्तिहरू अहिले खुला धम्कीमा परिणत भएको टिप्पणी गर्नुभयो। उहाँका अनुसार सम्भावित आर्थिक दबाबभन्दा नाटो र ग्रिनल्यान्डको स्वायत्तता संरक्षण बढी महत्त्वपूर्ण छ।

चालिस वर्षीया नर्स लुइस लेनर्ट ओल्सेनले राष्ट्रपति ट्रम्पभन्दा पनि अमेरिकी जनतालाई सन्देश दिन चाहेको बताउनुभयो। "हामी अहिले जस्तो ग्रिनल्यान्ड रहन चाहन्छौँ भन्ने हाम्रो इच्छालाई उनीहरूले समर्थन गरून्", उहाँले भन्नुभयो, "मलाई आशा छ, उनीहरू आफ्नै राष्ट्रपतिको गलत कदमविरुद्ध उभिनेछन्।"

# प्रधानमन्त्री कप जिल्ला छनोट क्रिकेटमा शम्भुनाथ बिजयी



**दैनिक समाचारदाता**
**राजविराज, ४ माघ ।**
प्रधानमन्त्री कप पुरूष सिनियर जिल्ला छनोट क्रिकेट प्रतियोगितामा कंकालनीलाई १३ रनले पराजित गर्दै शम्भुनाथ बिजयी भएको छ ।

राजबिराजस्थित पविमावि मैदानमा आइतबार सम्पन्न खेलमा टस जितेर शम्भुनाथले निर्धारित ५० ओभरमा ४७ ओभर २ बलमा सबै बिकेट गुमाई २ सय ६९ रनको योगफल खडा गरेको थियो ।

जसमा भोला साहले अर्धशतकिय पारी खेल्दै ७० रन बनाएका थिए । यसैगरी प्रवेष यादव ४४, निवेश मण्डल २८ र अरबिन्द मण्डल १७ रन बनाएका थिए । यता बलिङतर्फ कंकालनी संजिव मण्डल ४, निरज कुमार महतो २, कृष्ण कुमार यादव, मोह सोहिल, गोपाल पैकरा १/१ बिकेट लिएका थिए ।

प्रतिउत्तरमा कंकालनीले २ सय ७० रन को लक्ष्य पछ्याउने क्रममा ४२ ओभरमा सबै बिकेट गुमाई २ सय ५६ रन मात्र बनाउन सकेपछि शम्भुनाथ १३ रनले जित हात पारेको हो ।

अमित यादव र महानन्द यादबले अर्धशतकिय पारी खेलेपनि जित दिलाउन सकेन, अमितले ८८ रन महानन्द यादबले ५० रन बनाएका थिए भने गोपाल मण्डल ३९ रन बनाए । यस्तै बलिङतर्फ शम्भुनाथका भोला साह र निरज सुनरैतले ३/३ र मोहम्मद तौफिकले २ र पप्पु यादव, नवीन मण्डलले समान्य १/१ बिकेट लिएका थिए ।

राष्ट्रिय खेलकुद परिषदको बार्षिक कार्यक्रम अनुसार नेपाल क्रिकेट संघको आयोजनामा प्रधानमन्त्री कप एकदिवसिय राष्ट्रिय क्रिकेट प्रतियोगिता अन्तर्गत सप्तरी क्रिकेट संघद्वारा संचालित एमसिसी फाउण्डेशन तथा सबल नेपालको सहकार्यमा जिल्ला छनोट प्रतियोगिता संचालन गरिएको हो ।

# मेयरकप फुटबल प्रतियोगितामा शम्भुनाथ विजयी



**दैनिक समाचारदाता**
**राजविराज, ४ माघ ।**
सप्तरीको शम्भुनाथ नगरपालिका ८ पोखरीयास्थित खेलमैदानमा सञ्चालित सातौ मेयरकप २०८२ फुटबल प्रतियोगितामा शम्भुनाथ सप्तरीले विजयी सुरुवात गरेको छ ।

प्रतियोगिता अन्तर्गत आइतबार सम्पन्न खेलमा भारतको युवा शास्त्री युवा बिरपुरलाई २-४ गोल अन्तरले पराजित गर्दै शम्भुनाथ सप्तरीले विजयी सुरुवात गरेको हो ।

शम्भुनाथ नगरपालिकाको सहयोगमा सन्यासी युवा क्लब पोखरिया सप्तरीको संयोजन तथा सातौं मेयरकप २०८२ फुटवल प्रतियोगिता सञ्चालन समितिद्वारा सञ्चालित प्रतियोगिता अन्तर्गत भोली सोमवार मालिथम फुटबल क्लब उदयपुर र लहान एफसी सिरहाबीच प्रतिष्पर्धा हुने सन्यासी युवा क्लवका सचिव श्रवण कुमार चौधरीले जानकारी दिए ।

प्रतियोगितामा सप्तरीसहित सिरहा, महोत्तरी, उदयपुर, सिन्धुली, मोरङ्ग र छिमेकी देश भारतका गरि विभिन्न १२ टिमको सहभागिता रहेको आयोजकले जनाएको छ । सो प्रतियोगिताका बिजेता टिमले नगद ५७ हजार तथा ट्रफि र उपविजेता टिमले नगद ४७ हजार तथा कप प्राप्त गर्ने आयोजकले जनाएको छ ।

सन्यासी युवा क्लवले गत २०४३ सालदेखि फुटवल प्रतियोगिता सञ्चालन गर्दै आएको छ ।

# नेकपाका केन्द्रिय सदस्य यादव जसपा नेपालमा प्रवेश

**दैनिक समाचारदाता**
**राजविराज, ४ माघ ।**
नेपाली कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य एवं पूर्व श्रममन्त्री रामेश्वर राय यादव जसपा नेपालमा प्रवेश गरेका छन् ।

आइतबार उनीसहित सर्लाहीका दर्जनौं नेता कार्यकर्ता उपेन्द्र यादव नेतृत्वको जसपा नेपालमा प्रवेश गरेका हुन् । पार्टी केन्द्रीय कार्यालय बालकुमारीमा आयोजित कार्यक्रममा अध्यक्ष उपेन्द्र यादवले खादा माला लगाएर पार्टीमा स्वागत गरे ।

यादवसँगै सर्लाही क्षेत्र नम्बर ३ चक्रघट्टा गाउँपालिकाका पूर्व अध्यक्ष विक्रम यादव र पत्रकार विजय यादव पनि जसपा नेपालमा प्रवेश गरेका छन् ।

# निर्वाचन आचारसंहिता लागू

**दैनिक समाचारदाता**
**काठमाडौं, ४ माघ ।**
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आइतबार मध्यरातदेखि निर्वाचन आचारसंहिता, २०८२ लागू भएको छ ।

निर्वाचन आयोगको आइतबार बसेको बैठकले यस्तो निर्णय गरेको सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए ।

निर्वाचनमा स्वतन्त्रता, स्वच्छता, निष्पक्षता, पारदर्शिता, मितव्ययिता तथा भयमुक्त वातावरण कायम राख्न आवश्यक भएकाले निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी आयोगले आचारसंहिता बनाई लागू गरेको उनले बताए ।

# मेयर बालेन र हर्कले दिए राजीनामा

**दैनिक समाचारदाता**
**राजविराज, ४ माघ ।**
काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले पदबाट राजीनामा दिएका छन् । उनले राजीनामा दिए लगत्तै उपमेयर सुनिता डंगोलले कार्यबाहक प्रमुखको जिम्मेवारी पाएकी छिन् ।

स्थानीय सरकार सञ्चालन ऐन-२०७४ अनुसार, उनले कार्यबाहकको जिम्मेवारी पाएकी हुन् । मेयरले पदबाट राजीनामा पाएपछि स्वतः उपमेयरले कार्यबाहक पाउने व्यवस्था ऐनमा छ ।

मेयर शाहले रास्वपा कार्यालय पुग्नुअघि पदबाट राजीनामा दिएका हुन् । रास्वपा प्रवेश गरेर बालेनले झापा ५ बाट निर्वाचन लड्ने तयारी गरेका छन् । हाल उनी रास्वपाका वरिष्ठ नेता हुन् ।

यस्तै धरान उपमहानगरपालिकाका प्रमुख हर्कराज राई (हर्क साम्पाङ)ले पदबाट राजीनामा दिएका छन् ।

आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा निर्वाचनमा सुनसरी १ बाट उम्मेदवार बन्ने तयारीमा रहेका साम्पाङले आइतबार राजीनामा दिएका हुन् ।

उनले प्रतिनिधिसभाको निर्वाचनमा उम्मेद्वारी दिनका लागि संविधानको धारा २१६ को उपधारा ८ (क) बमोजिम नगरप्रमुखका पदबाट राजीनामा दिएको बताएका छन् ।

# उज्यालो पार्टीको क्षेत्र नं. १ मा चौधरी उम्मेदवार

**दैनिक समाचारदाता**
**राजविराज, ४ माघ ।**
उज्यालो पार्टी नेपालले सप्तरी क्षेत्र नं. १ बाट हर्खनारायण चौधरीलाई उम्मेदवार बनाउने निर्णय गरेको छ ।



पार्टीका अध्यक्ष कुलमान घिसिङले चौधरीलाई उम्मेदबारको टिकट प्रदान गरेका छन् । टिकट पाएपछि तोकिएको मितिमा उम्मेदबारी दर्ता गराउने चौधरीले बताएका छन् ।

कंचनरुप नगरपालिका निवासी चौधरीले आफूलाई जनताले माया गर्ने विश्वास व्यक्त गरेका छन् ।

# एमाले सप्तरीद्वारा तीन क्षेत्रमा उम्मेदवारको टुंगो

**दैनिक समाचारदाता**
**राजविराज, ४ माघ ।**
प्रतिनिधिसभा निर्वाचनका लागि नेकपा (एमाले) सप्तरीले तीनवटा निर्वाचन क्षेत्रमा उम्मेदवार टुंगो लगाएको छ ।

पार्टीले सप्तरी निर्वाचन क्षेत्र नं. १ बाट सुमनराज प्याकुरेल, क्षेत्र नं. २ बाट मो. जियाउल रहमान र क्षेत्र नं. ३ बाट ताराकान्त चौधरीलाई उम्मेदवार बनाउने निर्णय गरेको हो ।

एमालेका केन्द्रीय सदस्य समेत रहेका सप्तरी अध्यक्ष ताराकान्त चौधरीका अनुसार क्षेत्र नं. ४ बाट मात्र उम्मेदवारको टुंगो लाग्न बाँकी छ । उक्त क्षेत्रका उम्मेदवारबारे पार्टीभित्र छलफल जारी रहेको र छिट्टै निर्णय हुने उनले जानकारी दिए ।

क्षेत्र नं. १ बाट उम्मेदवार बन्न लागेका प्याकुरेल यसअघि राष्ट्रियसभा सदस्यको जिम्मेवारी सम्हालिसकेका छन् । उनी लामो समयदेखी नेकपा एमालेबाट राष्ट्रिय राजनीतिमा सक्रिय छन् । त्यस्तै क्षेत्र नं. ३ बाट उम्मेदवार बन्न लागेका ताराकान्त चौधरी २०७० सालको संविधानसभा निर्वाचनमा सोही क्षेत्रबाट निर्वाचित भएका थिए ।

उम्मेदवार टुंगो लागेसँगै सप्तरीमा एमालेको चुनावी गतिविधि थप सक्रिय बनेको छ भने एउटा क्षेत्रका उम्मेदवार टुंगो लागेपछि पार्टीले चुनावी रणनीति अझ सशक्त बनाउने एमाले सप्तरीले जनाएको छ ।

# मोटरसाइकल दुर्घटनामा एकको मृत्यु, एक घाइते

**दैनिक समाचारदाता**
**रौतहट, ४ माघ ।**
रौतहटको दुर्गा भगवती गाउँपालिका ३ र ५ को बीचमा पर्ने कछुअवा पुलमा मोटरसाइकल दुर्घटना हुँदा एक जना भारतीय नागरिकको मृत्यु भएको छ भने अर्का एक जना गम्भीर घाइते भएका छन् ।

गौर-गड्गापिपरा सडकखण्डअन्तर्गत पर्ने कछुअवा पुलबाट बिआर३०एई ५१३८ नम्बरको मोटरसाइकल शनिबार साँझ दुर्घटना हुँदा भारत विहार राज्यको जिल्ला पिपराढी थानाअन्तर्गतको महनपुर ६ का मिन्टु पासवानको मृत्यु भएको हो ।

उक्त दुर्घटनामा अर्का गम्भीर घाइते सोही गाउँका रमेश पासवान रहेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायब उपरीक्षक विष्णु प्रदीप बस्यालले जानकारी दिए । दुवै जना मदिरा सेवन गरेर अत्यधिक तीव्रगतिमा मोटरसाइकल चलाउँदा अनियन्त्रित भएर दुर्घटना भएको प्रहरी नायब उपरीक्षक बस्यालले बताए ।

गम्भीर घाइते रमेशको प्रादेशिक अस्पताल गौरमा उपचार गरेर थप उपचारका लागि बाराको एसएस न्यूरो अस्पतालमा पठाइएको उप्रहरीले जनाएको छ ।

# धरान बस दुर्घटनामा पाँच जनाको मृत्यु

सुनसरी, ४ माघ (रासस) ।
धरानमा आइतबार बिहान भएको बस दुर्घटनामा पाँच जनाले ज्यान गुमाएका छन् ।

जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक चन्द्र खड्काका अनुसार दुर्घटनामा मृत्यु हुनेमा महोत्तरीको साम्सी गाउँपालिकाको गैढाभेटपुरका धैरियाकुमार यादव, जनकपुरका १८ महिने बालक ऋषभकुमार मण्डल, सुनसरीको बराहक्षेत्र-३ का ओमेश राई, झापाको मेचीनगरका नयन थापा मगर तथा धरान-१३ का सुवेक्षा सुब्बा रहेका छन् ।

धनकुटाबाट धरानतर्फ आउँदै गरेको को १ ख ७११९ नम्बरको बस धरान उपमहानगरपालिका-१३ जिरो प्वाइन्टमा दुर्घटना भएको हो । प्रहरीको प्रारम्भिक अनुसन्धानअनुसार, जनकपुरबाट सुनसरी यातायात कार्यालयमा गाडी नामसारी गर्न आएको बस भेडेटार घुम्न जाने क्रममा डिजल सकिएपछि बाटोबाटै फर्काउने क्रममा दुर्घटनामा परेको हो । बसमा सवार घाइते १३ जनाको विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भइरहेको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रवक्ता खड्काले जानकारी दिनुभयो ।

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*